**Butwal Campus Journal, Vol. 8, No. 2: 99-110, December 2025**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v8i2.88220

# *आफ्नो ठाउँ* बालकथासङ्ग्रहमा पर्यावरणीय चेतना

**शालिकराम पौड्याल**
**बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.**
Email: paudyalshalikram@gmail.com
Orcid ID : https://orcid.org/0009-0007-6023-9864
**प्रेमप्रसाद तिवारी**
**बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.**
Orcid ID : https://orcid.org/0009-0007-4433-7501

**लेखसार**

प्रस्तुत लेखमा बालसाहित्यलाई मनोरञ्जनात्मक विधिभन्दा पर पर्यावरणीय चेतना विकास गर्ने सशक्त शैक्षिक माध्यमका रूपमा व्याख्या गर्दै कपिल लामिछानेद्वारा रचित *आफ्नो ठाउँ* बालकथासङ्ग्रहको पर्यावरणीय दृष्टिबाट अध्ययन विश्लेषण गरिएको छ । अध्ययनको मुख्य उद्देश्य आफ्नो ठाउँ सङ्ग्रहका बालकथामा प्रकृति, जैविक विविधता, पारिस्थितिक सन्तुलन, सहअस्तित्व र दिगो जीवनसम्बन्धी चेतना कसरी अभिव्यक्त भएको छ भन्ने पहिचान गर्नु हो । प्रस्तुत लेखमा बालसाहित्य केवल मनोरञ्जनको माध्यम मात्र नभई वातावरणीय शिक्षा र पारिस्थितिक चेतनाको सशक्त प्रवाहक हुन सक्ने कुराको विश्लेषण गरिएको छ । वृक्ष बिरुवा, चराचुरुङ्गी, सिमसार, मौसमी परिवर्तन जस्ता प्राकृतिक तत्त्वहरू समावेश गरिएका कथाहरू बाल पाठक मात्र होइन समग्र पाठकमा जैविक विविधता, पारिस्थितिक सन्तुलन, सहजीवन र दिगो सहअस्तित्वका मूल्यहरू स्थापित गर्न सक्षम हुन्छन् । कपिल लामिछानेको *आफ्नो ठाउँ* बालकथासङ्ग्रहका बालकथाको कथानक, पात्र अन्तरक्रिया, संवाद र घटनाक्रमहरूको गुणात्मक सामग्री विश्लेषण गरेर कथामा अभिव्यक्त पर्यावरणीय सन्देशलाई उजागर गर्ने प्रयास गरिएको छ । यसका लागि सामूहिक क्रिया सिद्धान्त (Collective Action Theory) र पारिस्थितिक दृष्टिकोण (Ecological perspective) अपनाइएको छ । *आफ्नो ठाउँ* बालकथासङ्ग्रहका बालकथामा वृक्ष पिपल, चराहरू, पोखरी वा सिमसार, जल सूत्र र मानिसहरूबिच घनिष्ठ अन्तरनिर्भरता चित्रण गरिएको छ । प्राकृतिक कीट नियन्त्रण, सिँचाइ, सिमसार पुनर्जीवन, मौसमी अनुकूलन, प्रजातिगत भूमिकाका उद्देश्य, सङ्कटको सामना र त्यसको सामूहिक समाधान जस्ता विषयहरू कथामा आएका छन् । वातावरणीय सङ्कट देखा पर्दा कथाका पात्रहरूले भावनात्मक सद्भाव, सहकार्य र नवप्रवर्तनमार्फत समस्या समाधान गरेका छन्, यसले पारिस्थितिक पुनरुद्धार (Ecological Restoration) र दिगो सहअस्तित्वलाई प्रस्तुत गरेको छ । यस लेखका माध्यमबाट प्रकृति केन्द्रित बालकथा बालबालिकामा मात्र होइन ठुला पाठक समूहमा समेत सामाजिक तथा पर्यावरणीय चेतना जगाउन सक्ने महत्त्वपूर्ण माध्यम हो र यस्ता कथाहरूले प्रकृतिकै हिस्सा हौँ भन्ने भावनात्मक र बौद्धिक अनुभव जगाइदिन्छन्, जसले दीर्घकालीन दिगोपन र जैविक विविधता संरक्षणतर्फको सोच बलियो बनाउँछ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

**शब्दकुञ्जी :** पारिस्थितिक चेतना, जैविक विविधता, दिगो सहअस्तित्व, वातावरणीय शिक्षा, पारिस्थितिक सन्तुलन ।

## विषयपरिचय

कपिल लामिछाने (२०१५) नेपाली साहित्यका लघुकथा र बालकथामा कलम चलाउने प्रतिभा हुन् । लामिछानेका बालकथामा मनोरञ्जन र नीतिचेतनाको प्रसार गरिएको छ । लामिछानेका कथामा मूलतः बालमनोवैज्ञानिक विषय उठान गरिएको हुन्छ । नेपाली समाजका विविध सन्दर्भलाई कथाका माध्यमबाट

प्रस्तुत गर्ने लामिछानेका बालकथाले बालबालिकालाई सामाजिक शिक्षा दिएका हुन्छन् । कथा साहित्य केवल मनोरञ्जनको साधन मात्र नभई सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय चेतनाको संवाहक समेत हो । बालसाहित्यले मनोरञ्जन मात्र होइन, जीवन, समाज र प्रकृतिप्रतिको संवेदनशील दृष्टिकोण निर्माण गर्ने कार्य पनि गर्दछ । बालकथाले बालबालिकामा संस्कार, नैतिकता र सामाजिक चेतना विकास गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । वातावरण संरक्षण र जैविक विविधताको महत्त्वलाई बुझाउने माध्यमका रूपमा पनि बालकथाले विशेष योगदान पुऱ्याउँछ । बालकथाले बालबालिकामा जीवनका विविध पक्षहरू बुझाउने, नैतिक शिक्षा दिने र सामाजिक-पर्यावरणीय चेतना जगाउने कार्य गर्छ । पर्यावरणीय चेतना बालबालिकामा विकास गराउने सशक्त माध्यमहरूमध्ये बालसाहित्यको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । कथाले प्राकृतिक परिवेश, जैविक विविधता र पारिस्थितिक सन्तुलनसम्बन्धी धारणा सजिलै बुझ्न योग्य बनाउँछ । कपिल लामिछानेद्वारा रचित बालकथामा प्रकृति, चराचुरुङ्गी, सिमसार, रुख बिरुवा, मौसम, मानव प्राणी अन्तरक्रिया, सङ्कट, सहकार्य, सामूहिकता, दायित्व, र पुनरुद्धार जस्ता विषयहरू समावेश छन् । यो बालसाहित्यलाई केवल मनोरञ्जनात्मक सीमामा सीमित नराखी यी पर्यावरणीय शिक्षा र चेतना प्रवर्धनका रूपमा स्थापित गर्ने महत्त्वपूर्ण प्रयास हो । प्रस्तुत लेखमा *आफ्नो ठाउँ* बालकथासङ्ग्रहका बालकथामा पर्यावरणीय चेतना कसरी प्रकट भएको छ भन्ने प्रमुख प्राज्ञिक जिज्ञासामा केन्द्रित रही उक्त सङ्ग्रहका बालकथाको पर्यावरणीय दृष्टिबाट विश्लेषण गर्ने काम गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ । सङ्ग्रहका कथालाई प्राथमिक स्रोत मानेर पात्र, संवाद, क्रिया र स्थितिको विश्लेषण गरिएको छ । द्वितीयक स्रोतका सामग्रीका रूपमा पर्यावरणको सिद्धान्तका बारेमा गरिएका अध्ययनलाई लिइएको छ । चराचुरुङ्गीहरूको व्यवहारलाई सामूहिक क्रिया सिद्धान्त तथा पारिस्थितिक दृष्टिकोणबाट व्याख्या गरिएको छ । पर्यावरणको सिद्धान्तका आधारमा पाठ विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## पर्यावरणीय चेतनाको सैद्धान्तिक आधार

पर्यावरणीय चेतना भनेको मानवले प्रकृति र वातावरणको महत्त्व बुझ्ने, त्यसलाई संरक्षण गर्ने जिम्मेवारीबोध गर्ने र आगामी पुस्ताका लागि प्राकृतिक सन्तुलन कायम राख्ने सजग सोच हो । प्रकृतिका पक्षमा लेख्नु, प्रकृतिमा रहेका भौतिक, भौगोलिक, जैविक वातावरणको पहिचान गरी तिनको पर्यावरणीय पक्षलाई चिनाउनु, साहित्यका माध्यमबाट पर्यावरणीय जागरण र सचेतना ल्याउनु, मानव र मानवेतर प्राणी र वनस्पतिको पारस्परिक सम्बन्ध र महत्त्वको वर्णन गर्नु, साहित्यिक अध्ययनमा पुँजीवादी पितृसत्तात्मक प्रवृत्तिको चर्चा गर्दै मानवेतर पक्ष, महिला, प्रकृति र भूमिका बारेमा सकारात्मक हुनु पर्यावरणीय चेतनाको मान्यता रहेको छ (नायर, सन् २०१०, पृ. २४३) । वर्तमान समयमा विश्वव्यापी रूपमा देखिएको पारिस्थितिक असन्तुलन, जलवायु परिवर्तन, प्राकृतिक स्रोतको ह्रास र जैविक विविधताको संरक्षण मानव जातिका लागि ठुलो चुनौती बनेका छन् । यस्ता सङ्कटहरूलाई दृष्टिगत गरी दिगो विकास र वातावरणीय रक्षा मात्र प्रौढस्तरको जिम्मेवारी नभई भविष्यका पिँढीहरूको समझ, अभिकल्पना र जिम्मेवारीमा परिणत हुनुपर्छ । यस सन्दर्भमा, बालबालिका सामाजिक परिवर्तनका सम्भाव्य साधक हुन्, त्यसैले बाल्यकालमै प्रकृतिप्रति संवेदनशीलता, जिम्मेवारी, सहजीवन र पारिस्थितिक चेतना जगाउने कामको आवश्यकता देखिन्छ । बालकथा यस्ता उद्देश्यका लागि एक शक्तिशाली माध्यम हुन सक्छ । बालकथाले बालबालिकालाई रमाइलो कथानक, पात्र र संवादमार्फत जीवन र प्रकृतिबिचको सम्बन्ध, मानव प्राणी अन्तरनिर्भरता, जैविक विविधता, पारिस्थितिक सन्तुलन, प्राकृतिक स्रोतको संरक्षण जस्ता गहिरा विषयहरू सजिलै बुझाउन सक्छ । बालसाहित्य केवल मनोरञ्जन मात्र होइन, सामाजिक, नैतिक र पर्यावरणीय शिक्षा दिने शक्तिशाली माध्यम हो (निकोलजेभा, सन् २०१४) । यसले केवल मनोरञ्जन मात्र होइन, शिक्षा र चेतना प्रवर्धन गर्ने भूमिका खेल्छ । बालबालिकामा प्रकृतिप्रतिको प्रेम र संरक्षणबारे चेतना बाल्यकालदेखि नै विकास गर्नुपर्छ (चावला,

सन् १९९९) । प्रकृतिमा विभिन्न प्रजातिहरूको आपसी सम्बन्धले जैविक विविधता र सन्तुलन कायम राख्दछ । चराचुरुङ्गीहरू किरा नियन्त्रण गर्ने प्राकृतिक नियन्त्रकको रूपमा कार्य गर्छन् जसले पारिस्थितिकी सन्तुलनमा भूमिका राख्छ । मानव र प्रकृतिबिच सहअस्तित्व आवश्यक छ (ओर, सन् १९९२) । यसको अभावले पर्यावरणीय असन्तुलन र आर्थिक समस्या निम्त्याउन सक्छ । पर्यावरणीय समालोचना सिद्धान्तले साहित्य र प्रकृतिबिचको अन्तरसम्बन्ध, मानव प्रकृति सम्बन्ध, प्रकृति संस्कृति द्वन्द्व र पर्यावरणीय न्याय जस्ता विषयलाई विश्लेषण गर्छ । यसले साहित्यलाई केवल कलात्मक वा मनोरञ्जनात्मक वस्तु होइन, सामाजिक तथा पर्यावरणीय सचेतना जगाउने माध्यमका रूपमा हेर्ने आधार दिन्छ (पाठक, सन् २०२१) । यसअन्तर्गत साहित्यमा प्रकृति, वातावरणीय सङ्कट, मानव प्राणी अन्तरक्रिया, प्राकृतिक स्रोतको ह्रास वा संरक्षण, जैविक विविधता र दिगो सहअस्तित्व जस्ता विषयवस्तु कसरी चित्रित भएका छन् भन्ने विश्लेषण सम्भव हुन्छ । पर्यावरणीय साहित्यले पर्यावरणीय जानकारी दिनु मात्र होइन प्रकृति र मानवबिचको पारिस्थितिक सम्बन्ध, प्राकृतिक प्रणाली, दिगो व्यवहार र जिम्मेवारीको समझ र मूल्य विकास गर्न बल दिन्छ (शर्मा, सन् २०२३) । यिनै विचारधाराले बालबालिकालाई प्रारम्भिक उमेरदेखि नै प्रकृतिप्रति संवेदनशील, जिम्मेवार र सचेत नागरिकको रूपमा निर्माण गर्न बालसाहित्य उपयोगी हुन सक्छ भन्ने स्वीकार गरेको छ ।

पर्यावरणीय शिक्षामा भाषा, साहित्य, चित्रकथा आदि साहित्यिक विधिहरू शैक्षिक उपकरणका रूपमा प्रयोग गरिन्छ । बाल पाठकमा दिगो सोच, पर्यावरणीय जागरुकता, नैतिकता र व्यवहार परिवर्तन निम्त्याउन सक्षम हुन्छन् (कर्माकर, सन् २०२४) । विशेष गरेर बालकथामा संवेदनशील, सरल र बालमैत्री भाषा प्रयोग हुन्छ । यसले प्रकृति मानव अन्तर्सम्बन्ध, जैविक विविधता, पारिस्थितिक सन्तुलन र दिगो सहअस्तित्व जस्ता जटिल विषय सजिलै बालबालिकासम्म पुऱ्याउन सक्छ (कर्माकर, सन् २०२४) । पर्यावरणीय नैतिकताको आधारले मानव र प्रकृतिबिचको सम्बन्धमा दायित्व, न्याय, समानता र सहअस्तित्वको आवश्यकता औँल्याउँछ । साहित्यमार्फत जब प्रकृति, जीव-जन्तु, वातावरणीय सङ्कट र समाधानको विषय उठाइन्छ तब त्यो केवल कथा मात्र होइन पाठकलाई नैतिक, दार्शनिक र व्यवहारात्मक चेतना दिने माध्यम बन्न सक्छ (राधाकृष्ण, सन् २०२५) । बालसाहित्य पर्यावरणीय ज्ञानको पुस्तक नभए पनि यसका कथानक, पात्र, प्रकृति र वातावरणीय सन्देशमार्फत बालबालिकामा प्रकृतिप्रति आत्मीयता, सहीगलतको भावना, सहजीवन र पारिस्थितिक समझ विकास गर्न सक्षम हुन्छन् (अमेर, सन् २०२२) । पर्यावरणीय साहित्य विश्लेषणका लागि पारिस्थितिक दृष्टिकोणले प्रणालीगत र अन्तरसम्बन्धित दृष्टिकोण प्रदान गर्दछ । यसले मानव र प्रकृतिको सम्बन्धलाई अलग्गै नभई एक विशाल र जटिल प्रणालीको अभिन्न अङ्गको रूपमा हेर्न प्रेरित गर्छ । पारिस्थितिक दृष्टिकोणले साहित्यमा चित्रण गरिएका वातावरणीय समस्याहरू जस्तै प्रदूषण, वन विनाश आदिलाई केवल व्यक्तिगत गल्तीको रूपमा मात्र नभई ती समस्याहरू सामाजिक, राजनीतिक र आर्थिक संरचनाहरूसँग कसरी गाँसिएका छन् भन्ने बुझ्न मद्दत गर्छ । अन्तरसम्बन्धको खोजी दृष्टिकोणले साहित्यमा मानव पात्र, प्राकृतिक परिदृश्य र गैरमानवीय प्राणीहरूबिचको अन्योन्याश्रित सम्बन्धलाई केलाउँछ । युरी ब्रोनफेनब्रेनरको पारिस्थितिक प्रणाली सिद्धान्तले साहित्यमा चित्रण गरिएका पात्रहरू कसरी आफ्नो परिवेशका विभिन्न तह (परिवार, समुदाय, संस्कृति, समय) बाट प्रभावित हुन्छन् भनेर बुझ्न एक शक्तिशाली विश्लेषणात्मक उपकरण प्रदान गर्दछ । पर्यावरणीय साहित्य विश्लेषणका लागि सामूहिक क्रिया सिद्धान्तको प्रयोग पर्यावरणीय साहित्यमा पर्यावरण संरक्षण वा वातावरण विनाश विरुद्ध हुने सङ्गठित प्रयासहरू, आन्दोलनहरू र समूहहरूको व्यवहारलाई बुझ्नका लागि गरिन्छ । प्रस्तुत लेखमा पर्यावरणको सिद्धान्तलाई आधार मानेर कपिल लामिछानेका बालकथाको अध्ययन गरिएको छ ।

## छलफल तथा विमर्श

प्रस्तुत *आफ्नो ठाउँ* (२०८१) बालकथासङ्ग्रहमा समेटिएका पाँचओटै कथाले बालसाहित्यका माध्यमबाट प्रकृति प्राणी मानव सम्बन्ध, पर्यावरणीय संवेदना, सहअस्तित्व, सहयोग, नैतिक शिक्षा र सम्बन्धगत मानवीय मूल्यलाई अत्यन्त सरल, रमाइलो र भावनात्मक किसिमबाट प्रस्तुत गरेका छन् । कथाहरू चराचुरुङ्गीको संसारका भए पनि तिनले मानिसको व्यवहार, सोच र सामाजिक उत्तरदायित्वलाई

समानान्तर रूपमा चित्रण गरेका छन् । भाषिक सरलता, संवादात्मक प्रस्तुति र बालअनुकूल संरचना *आफ्नो ठाउँ* बालकथासङ्ग्रहमा रहेका मुख्य विशेषता हुन् ।

'आफ्नो ठाउँ' कथामा पर्यावरणसँग सम्बन्धित विषय ग्रहण गरिएको छ । सुक्दै गएको पोखरी, सुक्दै गएको पिपल र विस्थापित हुँदै गरेका चराहरूले जलवायु परिवर्तन र पर्यावरणीय सङ्कटको प्रतीकात्मक रूप प्रस्तुत गर्छन् । कथामा कागको नेतृत्व, चराहरूको सामूहिकता र प्रकृतिको पुनर्जीवनसँग सम्बन्धित विषय आएको छ । सबै चराहरूले मिलेर पानी खोज्ने, पाइप ल्याउने र रुखलाई पुनर्जीवित गर्ने प्रसङ्गले बालकमा "परिवर्तन सम्भव छ, यदि हामी प्रयास गर्छौं" भन्ने बलियो आत्मविश्वास जगाउँछ । यसमा सामूहिकता र नेतृत्व, प्रकृति संरक्षणको यथार्थ र आशा, सकारात्मक अन्त्य र पुनर्जीवनको उत्सव जस्ता सन्दर्भ आएका छन् ।

'काग र माछा' कथामा परिश्रम, धैर्य र नयाँ कुरा सिक्ने साहसबारे वर्णन गरिएको छ । कागले माछा खान चाहन्छ, तर ऊसँग त्यसका लागि आवश्यक क्षमता हुँदैन । बकुल्ला, हाँस र कछुवाले चाहिँ उसलाई मद्दत त गर्छन् तर काग आफैँले गर्न खोज्दा असफल हुन्छ । अन्ततः कागले प्रविधिको प्रयोग गर्ने उपाय अपनाउँछ र सफल हुन्छ । सबैको क्षमता फरक फरक हुन्छ । कथाबाट मिहिनेत र बुद्धि लगायो भने असम्भव पनि सम्भव हुन्छ, अरूलाई दोष नदिई आफैँ विकास गर्नुपर्छ जस्ता सन्देश प्राप्त भएको छ ।

'को हो को हो' बालकथा आफ्नो सन्तानबारे जिम्मेवारी, विश्वास र कृतज्ञताको सुन्दर उदाहरण हो । कोइली र गाजलीले आफ्नो अन्डा कागको गुँडमा राख्छन् । काग परिवारले ती अन्डा आफ्नो मानेर पालनपोषण गर्छ । अन्तिममा जब बच्चाहरू जन्मन्छन्, दुवै पक्ष एकअर्काप्रति आभार प्रकट गर्छन्, झगडा होइन मैत्री जन्मिन्छ । परिवार केवल जन्मको होइन, हेरचाह र मायाको पनि हो, सहयोग गर्दा सम्बन्ध बलियो बन्छ, फरक भए पनि मिलेर बस्न सकिन्छ भन्ने सन्देश कथाबाट प्राप्त भएको छ ।

'क्का क्का कौवा' बालकथाले प्रकृतिको सन्तुलन र चराचुरुङ्गीको महत्त्वबारे शिक्षाप्रद सन्देश दिएको छ । अनुप र अन्जुले बगैँचाको फल बचाउन काग र अन्य चराहरूलाई गुलेलीले हिर्काउँछन् । पछि चरा नआएपछि किरा बढेर बोटबिरुवा नष्ट हुन्छ । अन्ततः उनीहरूले प्रकृतिसँग मित्रता गर्नुपर्ने कुरा बुझ्छन् । यसम चराचुरुङ्गी प्रकृतिको सन्तुलनको अङ्ग हुन्, प्रकृतिलाई हानि गरे अन्ततः मान्छे नै पीडित हुन्छ, सबै प्राणीको आफ्नो भूमिका हुन्छ भन्ने सन्देश कथाले दिएको छ ।

'पुसै शीत माघै शीत' बालकथा झगडा, हठ र जोखिमको अवस्थाबाट सिकाइको सन्देश दिने बालकथा हो । हाँस र वनकुखुरा पुसमाघको शीतबारे झगडा गर्छन् र स्यालसँग सोध्न जान्छन्, स्यालले उनीहरूलाई झुक्याएर समात्न खोज्छ । कागको चतुऱ्याइँले उनीहरू जोगिन्छन् । यसले अनावश्यक झगडा र हठले जोखिम निम्त्याउँछ । हरेक कुरा प्रमाणबिना दाबी गर्नुहुँदैन र मित्रको समयमै गरिएको सहयोग जीवनरक्षक बन्न सक्छ भन्ने सन्देश दिएको छ ।

'आफ्नो ठाउँ' कथा केवल बालकथा नभई पर्यावरणीय शिक्षा, नेतृत्व, सामूहिकता र पारिस्थितिक पुनर्जीवनको गहन सन्देश बोकेको रचना हो । चराचुरुङ्गीहरूको सहकार्य, कागको दुरदृष्टि, सुगापरेवाको व्यावहारिक प्रस्ताव र सबैको सामूहिक श्रमले सङ्कटग्रस्त पारिस्थितिकी पुनर्जीवित भएको छ । यसले मानव समाजका लागि सङ्कट पलायन होइन, समाधान खोजेर सामूहिक रूपमा सामना गर्नुपर्छ भन्ने सन्देश दिएको छ । कथाले प्रकृतिको संरक्षण नै दिगो सहअस्तित्वको आधार हो भन्ने भावना प्रसार गरेको छ । कथामा चराचुरुङ्गीहरूलाई माध्यम बनाई प्रकृतिसँगको सहअस्तित्व, सङ्कटका बेला आफ्नै ठाउँप्रतिको जिम्मेवारी, सामूहिक प्रयास र वातावरण पुनःस्थापनाका मूल्यहरू अत्यन्त सशक्त रूपमा देखाइएको छ । कथामा वातावरणसँगको आत्मीय सम्बन्धलाई देखाइएको छ । कथाको सुरुमा पिपलको रुखलाई चराहरूको जन्म, खेल, सुरक्षा र जीवनको आधारका रूपमा देखाइएको छ । कथामा बालकलाई प्रकृतिसँग आत्मीयता अनुभव गर्न सिकाइएको छ । प्रस्तुत कथामा चउर, पोखरी, पिपल र

चराचुरुङ्गीहरूको आपसी सम्बन्धले एक जटिल किन्तु व्यवस्थित पारिस्थितिक प्रणालीको निर्माण गर्छ भन्ने पर्यावरणीय सन्देश दिइएको छ । कथामा वातावरणीय सङ्कट उत्पन्न भएसँगै चराहरूको विस्थापन प्रवृत्ति बढेको छ तर कागको नेतृत्व र सामूहिक पहलबाट वातावरणको संरक्षण भएको छ । यिनै कथाका आधारमा *आफ्नो ठाउँ* बालकथासङ्ग्रहको पर्यावरणीय चेतनाको अध्ययन गरिएको छ ।

## पारिस्थितिक प्रणाली, प्राकृतिक परिवेश र जैविक विविधताको प्रस्तुति

'आफ्नो ठाउँ' कथाले सुरुमै पिपलको बोट, पोखरी, चउर र चराचुरुङ्गीहरूको आपसी सम्बन्धमा आधारित एक सुव्यवस्थित पारिस्थितिक प्रणालीको चित्रण गरेको छ । पिपलको रुख चराहरूको जन्म र सुरक्षा नै जीवनको आधार हो भन्ने कुरालाई यस कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> पोखरीदेखि अलिक पर झ्याम्म परेको एउटा पिपलको बोट पनि थियो । बोटमा थरी थरीका चराहरू बस्थे । कति त त्यहीँ जन्मेका थिए । त्यहीँ हुर्केका थिए । कतिले त्यहीँ गुँड बनाएका थिए । तिनीहरूका लागि त्यो बोट एउटा रमाइलो संसार बनेको थियो । (पृ.२)

यहाँ प्रकृतिसँगको आत्मीय सम्बन्धले बालकलाई प्रकृति केवल भौतिक वस्तु नभई अस्तित्वको अभिन्न अंश हो भन्ने बोध गराएको छ । शिशिर ऋतुको आगमनसँगै पोखरी सुक्नु र पानीको अभावले पिपलको बोट सुक्दै जानु कथाको प्रमुख पर्यावरणीय सङ्कट हो । कथामा चित्रण गरिएको प्राकृतिक ह्रासले शृङ्खलाबद्ध रूपमा पोखरी सुक्नु, पिपल सुक्नु, पात झर्नु, गुँडहरू जोखिममा पर्नु, गुँड खुला हुनु, गिद्धको आगमन हुनु, भयको मनोविज्ञान देखिनु, चराहरूको विस्थापन प्रवृत्ति बढ्नु जस्ता समस्याहरू सिर्जना गरेको छ । यस्तो विषयलाई कथामा यसरी वर्णन गरिएको छ :

> पोखरीको पानी सुक्दै गयो । बोटबाट पातहरू झर्दै गए । पात झर्दा झर्दा बोट सिखो भयो । चराका गुँडहरू छ्याङ्ग देखिन थाले । गिद्धहरू आएर बस्न थाले । गिद्धका डरले कति चराचुरुङ्गीहरू रुख छाडेर जान थाले । कागले रोक्न खोज्यो । उसलाई कसैले पनि वास्ता गरेन । (पृ.२)

यस कथांशमार्फत जलस्रोत जस्तो आधारभूत प्राकृतिक स्रोतको महत्त्व र यसको ह्रासले पूरै जैविक विविधता र पारिस्थितिक प्रणाली कसरी असन्तुलित हुन्छ भन्ने सन्देश बालस्तरमा बुझाएको छ ।

'को हो ! को हो !!' कथाको प्रारम्भमा वर्णित बगैँचाको परिवेश, ठुला रुखले भरिएको वातावरण, त्यहाँ बास गर्ने चराहरूको विविधता, चराहरूको स्वरले मानिस र बालकहरू रमाउनु आदि पक्षले मानव तथा प्राकृतिक सम्बन्ध र जैविक विविधताको सहअस्तित्वपूर्ण अवस्थालाई बुझाएका छन् । यस्तो विषयलाई कथामा यसरी चित्रण गरिएको छ :

> गाउँको छेउको बगैँचामा ठुला ठुला रुख थिए । कहिले कुनै कहिले कुनै रुखमा बसेर तिनीहरू कराइरहन्थे- को हो ! को हो !! तिनीहरूको सुरिलो स्वरले मानिसहरू रमाउँथे । गाउँका केटाकेटी पनि रमाउँथे । चिन्टु, पिन्टु पनि रमाउँथे । सबै रमाउँथे । अचेल केही दिनदेखि उनीहरू को हो ! को हो !! कराइरहेका थिएनन् । (पृ.११)

चराहरूको निरन्तर "को हो ! को हो !!" कराइरहनु बगैँचाको जीवन्तता र पारिस्थितिक सक्रियता हो । तर केही दिनदेखि उनीहरू नकराउनु कथामा एक प्रकारको पर्यावरणीय मौनताको सङ्केत हो, जुन सामान्यतः सङ्कट वा असन्तुलनसँग सम्बन्धित देखिन्छ ।

'क्का ! क्का !! कौवा' कथामा चराचुरुङ्गी र किराहरूको सम्बन्ध बगैँचाको जैविक सन्तुलनको उदाहरण हो । चराहरूले किरा खाँदै बोटबिरुवा संरक्षण गर्छन् भने किराले बोटबिरुवा नष्ट गर्छन् । गुलेली प्रयोगले चराहरू भगाउँदा किराको नियन्त्रण कमजोर भयो । त्यसले बोटबिरुवा (अम्बा) मा रोग/किरा सङ्क्रमण बढायो । फलहरू कुहेर किसान परिवारलाई आर्थिक क्षति पुग्यो । यसले पारिस्थितिक सन्तुलनको अस्थिरता र त्यसका नकारात्मक प्रभावलाई सङ्केत गरेको छ ।

## नेतृत्व मनोविज्ञान र सामूहिक चेतनाको उदय

प्रस्तुत 'आफ्नो ठाउँ' कथामा प्राकृतिक विघटनले गर्दा चराहरूको विस्थापन बढेपछि सामूहिक नेतृत्व र सामाजिक दायित्वको मूल्य स्थापित भएको छ । कागको भूमिका यहाँ एक दूरदर्शी नेताका रूपमा रहेको छ । कागले चराहरूलाई भेला गर्नु, स्थितिको विश्लेषण गर्नु र समुदायप्रतिको दायित्व सम्झाउनु नेतृत्व मनोविज्ञानको उत्कृष्ट उदाहरण हो । कथामा कागको भनाइ यस्तो रहेको छ :

> "पख्नुहोस् ! यो हाम्रो आफ्नो ठाउँ हो । यहीँ जन्म्यौँ । यहीँ हुर्क्यौँ । हरियाली छउन्जेल रमायौँ । फल छउन्जेल खायौँ । अब पात झर्दै गए । गिद्ध आएर बस्न थाले अनि हामीले यसलाई छाड्न थाल्यौँ । यो राम्रो भएन । अनुकूल हुँदा रमाएर बस्ने र केही अप्ठ्यारो हुँदा अन्तै जाने गर्नुहुँदैन । यो त बेइमान मान्छेको लक्षण हो । हामीले त्यसो गर्नुहुँदैन । हामी त चरा हौँ ।" (पृ.३-४)

प्रस्तुत कथांशमा अनुकूल हुँदा रमाएर बस्ने र केही अप्ठ्यारो हुँदा अन्तै जाने गर्नुहुँदैन भन्ने भावले मानव समाजमा देखिने सङ्कट पलायनको प्रवृत्तिलाई औँल्याउँदै आफ्नो ठाउँप्रति उत्तरदायी हुनुपर्ने गहन मूल्ययुक्त सन्देश प्रवाह गरेको छ । कथाले कुनै स्थान वा वातावरणले सहजता दिएको हुन्छ र कठिन परिस्थितिमा त्यसलाई छाडेर भाग्नु जीवनप्रति उत्तरदायी बन्न नसक्नु हो भन्ने मानव विषयक सत्य कथामा प्रस्तुत भएको छ । यो सन्देश आजको विघटित प्राकृतिक, सामाजिक र सांस्कृतिक मूल्य पुनः स्थापित गर्न निकै महत्त्वपूर्ण रहेको छ ।

## सङ्कट समाधानमा नवप्रवर्तन र सहकार्य

'आफ्नो ठाउँ' कथामा सुगाले पानी हालेर रुख पुनर्जीवन गर्ने विचार नवप्रवर्तनको रूप हो । परेवाले चुच्चामा पानी ल्याउने उपाय सामूहिक श्रमको दृष्टिकोण हो । कागले खोल्साको पानी र होटलको पाइप प्रयोग गर्ने समाधान खोज्नु स्रोत पहिचान र व्यवस्थापन हो । यी गतिविधिहरूले स्थानीय जलप्रबन्धनलाई बुझाएका छन् । कथामा पाइपमार्फत निरन्तर पानी आपूर्तिले घाँस पलायो, हावामा चिस्यान बढ्यो, पिपलमा पालुवा फुट्यो र रुख पुनर्जीवित भयो । कथामा आएको विषयलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

> हेर्दाहेर्दै पिपल बोटका वरिपरि चिस्यान बढ्दै गयो । पहिले घाँस पलायो । अनि भुइँ हरियो देखियो । हावामा चिसो घट्दै र तातोपन बढ्दै गएकाले पिपलका हरेक हाँगामा पालुवा फुट्न थाले । हेर्दाहेर्दै पालुवा पलाएर रुख पहिलेभन्दा पनि ताजा, सुन्दर र झ्याम्मको भयो । गिद्धहरू उडेर टाढा गए । (पृ.५)

प्रस्तुत कथांश प्राकृतिक पुनर्जीवनको प्रतिरूप हो । यी गतिविधिहरूले वातावरणीय समस्या समाधान गर्न सहकार्य, नवीन सोच र स्रोत व्यवस्थापन जरुरी हुन्छ भन्ने देखाउँछ ।

'काग र माछा' कथाको अन्त्यमा कछुवा, हाँस र बकुल्लाले कागको सफलतामा खुसीले ताली बजाउनुको प्रतीकात्मक अर्थ छ । सुरुमा उनीहरूले कागलाई माछा मारेर खान दिन खोज्नु र पछि उसको प्रविधिजनित सफलतामा खुसी हुनुले पारिस्थितिक प्रणालीमा सहिष्णुता र सहकार्यको भावनालाई देखाउँछ । कथामा यसरी चित्रण गरिएको छ : "काग जखिरा तालमा पुग्यो । कछुवा, हाँस र बकुल्ला त्यहीँ थिए । उसले हाँसले झैँ माछा च्याप्प समात्यो र खायो । त्यो देखेर कछुवा, हाँस र बकुल्लाले खुसीले ताली बजाए ( पृ.१०) ।" प्राकृतिक जीवहरूले पनि कागको कृत्रिम अनुकूलनलाई स्वीकार गर्नु, प्रविधिको प्रभावलाई जैविक समुदायले पनि अनुमोदन गर्न सक्ने सङ्केत हो तर यसको दीर्घकालीन पर्यावरणीय मूल्यमाथि विचार गर्नुपर्ने आवश्यकता रहन्छ ।

'क्का ! क्का !! कौवा' कथामा पक्षीको पर्यावरणीय भूमिका देखाइएको छ । कथामा काग र अन्य चराहरूलाई प्राकृतिक कीट नियन्त्रकका रूपमा प्रस्तुत गरिएको छ । काग, किराहरू र जुम्रा खाँदै बगैँचाको रक्षामा सक्रिय हुन्छ । चराहरूको अनुपस्थितिमा किरा बढेर बोटबिरुवामा क्षति पुऱ्याउँछन् । यसले जैविक नियन्त्रणको महत्त्वलाई जनाउँछ भन्ने कुरालाई कथामा यसरी चित्रण गरिएको छ :

> "हेर, चराचुरुङ्गीले केही फल त खान्छन्, तर त्यसभन्दा बढी हामीलाई फाइदा दिन्छन् । बोटबिरुवालाई हानि पुऱ्याउने किरालाई तिनले खाइदिन्छन् । कतिपय किराले बोटैलाई मारिदिन्छन् । चराले तिनलाई खान्छन् । त्यसैले चराचुरुङ्गी नहुने हो भने बोटबिरुवा बच्न सक्दैनन् अनि बोटबिरुवा नभए चराचुरुङ्गी पनि बाँच्न सक्दैनन् । काग, डाङ्ग्रे जस्ता चराले गाईवस्तुका जिउका जुम्रा, किर्ना जस्ता हानिकारक किरालाई पनि खाइदिन्छन् । तिमीहरूले तिनलाई भगायौ । तिनलाई सतायौ । तिनलाई गुलेलीले हिर्कायौ । तिनीहरू रिसाएकाले आएनन् र किरा खाएनन् । फलस्वरूप किरा बढे, फस्टाए, अन्डा पारे । तिनले रुख, रुखका पात र फललाई खाइदिए । खायौ अब ?" (पृ.१९-२०)

पर्यावरणीय दृष्टिले कथामा कीटनाशक र रासायनिक नियन्त्रणको सट्टा जैविक नियन्त्रणप्रति सजगता र सम्मान बढाउन चाहेको देखाइएको छ । कथामा समस्या पहिचान (चराहरूको अभावले किराको वृद्धि) र त्यसको समाधान (चराहरूलाई पुनः स्वागत गर्ने) दुवै प्रस्तुत छन् । कथामा समस्या पत्ता लगाउन शिक्षकको मार्गदर्शन महत्त्वपूर्ण रहेको छ । सहयोग र समझदारीले समस्या समाधान सम्भव छ । यसले पर्यावरणीय व्यवस्थापनमा वैज्ञानिक सोच र सहकार्यको आवश्यकता सन्देश दिएको छ ।

**पारिस्थितिक पुनर्जीवन र दिगो सहअस्तित्व**

'आफ्नो ठाउँ' कथामा सामूहिक प्रयासबाट वातावरण पुनःस्थापनाको उपाय निस्कने सन्देश दिइएको छ । सुरुवातमा चराहरूले चुच्चाले पानी ल्याएर सिँचाइ गर्ने योजना बनाउँछन् । त्यो पर्याप्त हुँदैन तर प्रयास भने सकारात्मक र प्रेरणादायी छ । पछाडि कागले सोचेर पाइप ल्याई पानी खोल्साबाट मोडिदिन्छ । यसले वातावरणीय समस्या समाधान गर्न सहकार्य चाहिन्छ, नवीन सोच जरुरी हुन्छ, ससाना प्राणी (चराहरू) पनि वातावरण पुनर्जीवनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने देखाइएको छ । कथामा पाइपमार्फत पानी ल्याइएपछि जमिन चिसिन्छ, घाँस पलाउँछ, पालुवा फुट्छ, रुख फेरि घना र सशक्त बन्छ । यो प्राकृतिक चक्र पुनर्स्थापनाको सुन्दर रूपक हो । कथामा जलस्रोतको ह्रास र त्यसले ल्याएको पर्यावरणीय सङ्कटको वर्णन छ । जाडो मौसमसँगै पोखरी सुक्दै जानु र पानीको अभावले बोट सुक्नुलाई कथामा पर्यावरणीय समस्याका रूपमा चित्रण गरिएको छ । पानी सुक्दा रुख सुक्न थाल्यो, पात झरे, चराका गुँड खुला भए, गिद्ध आएर बस्न थाले, चराहरू डराएर अन्यत्र पुग्न थाले । यसले पानी जस्तै आधारभूत प्राकृतिक स्रोतको महत्त्व र स्रोत सकिँदा पूरै पारिस्थितिक प्रणाली कसरी असन्तुलित हुन्छ भन्ने कुरालाई कथाले बालस्तरमै बुझ्ने गरी प्रस्तुत गरेको छ । कथामा जैविक विविधताको संरक्षणको बारेमा बताएको छ । रुख हरियो भएपछि गिद्धहरू हट्छन्, चराहरू फर्कन्छन्, गुँड पुनः बन्न थाल्छन्, वातावरण पुनः जीवन्त बन्छ । यसले स्वस्थ वातावरणले जैविक विविधता जोगाउँछ, असन्तुलन हुँदा सङ्कट आउँछ भन्ने सन्देश दिएको छ । कथाको अन्त्यमा भनिएको कथांशले पनि पर्यावरणीय चेतनालाई समुन्नत बनाएको छ :

> पिपलका छहारीमा बसेर चराचुरुङ्गीहरू रमाउन र गाउन थाले । छाडेर जानेहरू पनि फर्किएर आए । पिपलका हरेक हाँगामा चराहरूले फेरि गुँड बनाउन थाले । तिनीहरूका लागि त्यो बोट फेरि एउटा रमाइलो संसार बन्न पुग्यो । अहिले पनि त्यो रुख त्यस्तै रमाइलो छ । (पृ.५)

माथिको कथांशबाट चराहरू फेरि रमाउन थाल्नु र गुँड बनाउन थाल्नुले प्रकृति र जीवबिचको सहअस्तित्वलाई देखाएको छ । यसमा मानिसले प्रकृतिलाई स्याहार गरे प्रकृतिले पनि जीवनलाई रङ्गीन र सुन्दर बनाइदिन्छ भन्ने आशावादी भाव व्यक्त भएको छ ।

'को हो ! को हो !!' कथामा कागको चरित्र अत्यन्त सकारात्मक रूपमा प्रस्तुत छ । परप्रजातिका अन्डालाई स्वीकार्नु, समान स्नेहपूर्वक सेक्नु, सबै चल्लालाई चारा खुवाउनु, कोइलीका चल्लालाई आफ्नो सम्झेर हुर्काउनु जस्ता यी व्यवहारहरूले सहअस्तित्व, सहानुभूति र जिम्मेवारी प्रकृतिबाट सिक्न सकिने कुरा स्पष्ट पारेको छ । कथामा कागले कोइलीका चल्लाको पालनपोषण गरेको कुरालाई यसरी चित्रण गरिएको छ :

> चल्लालाई सेक्नु, चारा खोजेर ल्याउनु, चारालाई सानो सानो टुक्रा पारेर मुखमा खुवाइदिनु सजिलो काम थिएन । आफू भोकै बसेर भए पनि कागले चल्लालाई भरपेट खुवाउँदै थियो । त्यो देखेर तिनीहरू चकित भए । काग चारा लिन होला भुरुर्र उडेर गयो । कागिनी पनि भुरुर्र उडेर गइहाली । एकछिनका लागि गुँड खाली भयो । (पृ. १४)

पर्यावरणीय दृष्टिले कागको व्यवहारले विविध प्रजातिहरू सँगै रहेर पनि समन्वय गर्न सक्छन्, सहयोग र संरक्षण प्रकृतिको मौलिक नियम हो, सहकार्य छ भने कुनै प्रजाति अर्काका लागि बोझ हुँदैन भन्ने सिकाएको छ ।

'पुसै शीत माघै शीत' कथामा चित्रित कुखुरा, हाँस, काग र स्यालको सहजीवनले जैविक विविधताको महत्त्व र पारिस्थितिक सन्तुलनको झल्को दिएको छ । यी प्राणीहरूको भूमिकाले वनको स्वास्थ्य र स्थिरता कायम गर्न भूमिका खेल्छ । कुखुरा र हाँसले वनजीवनसँग सम्बन्धित भूमिका प्रदर्शन गरेका छन् । कथामा यसरी चित्रण गरिएको छ :

> स्याल बडो चनाखो भयो । उसले फुर्तिसाथ 'पुसै शीत- माघै शीत- यत्रैसित' भन्दै एक हातले हाँसलाई र अर्को हातले कुखुरालाई झ्यापझुप समात्न खोज्यो, तर ठिक त्यतिखेरै लुकी लुकी आएको कागले स्यालका टाउकामा चुच्चाले ट्वाक्क ठुङ्यो । अचानकको ठुँगाइले रन्थनिएर स्याल लुसुक्क झाडीतिर लाग्यो ।
>
> कुखुरा र हाँसले लामो सास फेरे र भुरुर्र उडे । उनीहरू रुखको डालीमा गएर बसे । काग पनि त्यहीँ थियो । तिनीहरूले कागलाई धन्यवाद दिए । अनि तिनीहरू रमाई रमाई घाम ताप्न थाले । (पृ. २४)

कथामा स्यालले सिकारी प्राणीका रूपमा वन व्यवस्थापनमा योगदान गरेको छ । कागको मध्यस्थताले सहजीवनको सन्देश प्रवाह भएको छ । कथामा कुखुरा, हाँस, काग र स्यालको चरित्रमार्फत वन्यजन्तु र चराचुरुङ्गीहरूको पारिस्थितिक भूमिकालाई स्पष्ट पारिएको छ । कागको भूमिका पारिस्थितिक प्रणालीको नियामक जस्तो देखिन्छ, जसले संवादमा मध्यस्थता गर्दै सहजीवनको सन्देश दिएको छ ।

### सिमसार पारिस्थितिक प्रणाली र जैविक अनुकूलन

'काग र माछा' कथा जखिरा तालमा केन्द्रित भएकाले सिमसार संरक्षण, जलचर आवास तथा जीव विविधताका मूल्यहरू अप्रत्यक्ष रूपमा स्थापित हुन्छन् । बालकलाई सहज मार्गबाट सिमसारको संवेदनशीलता सिकाउने साहित्यिक रणनीति कथाले अपनाएको छ । कथा जखिरा ताल वरिपरि घुमेको छ । सिमसार भनेको जलचरको आवास, चराको भोजनालय, स्थानीय जैविक विविधताको केन्द्र, वातावरणको प्राकृतिक फिल्टर, पारिस्थितिक सन्तुलनको आधार हो । काग, बकुल्ला, हाँस, कछुवा सबैको अस्तित्व तालमा निर्भर छ । कथाले प्रत्यक्ष रूपमा नबोले पनि बालकलाई जलस्रोतको संरक्षण नभए यी प्राणीहरूको जीवनचक्र नै अवरुद्ध हुन्छ भन्ने बुझाउन खोजेको छ । कथाको पृष्ठभूमि सिमसार क्षेत्र हो । यस स्थानमा पानी, जमिन र हावाका जीवहरू एकै ठाउँमा सहअस्तित्वमा रहेका छन् । जखिरा तालमा रहेका बकुल्ला, हाँस, कछुवा र माछाहरूको उपस्थितिले सिमसारमा पाइने जैविक विविधतालाई बुझाउँछ । डार्बिनका दृष्टिमा प्रत्येक जीव आफ्नो वातावरणअनुकूल संरचना र व्यवहार प्राप्त गर्दछ । कथामा बकुल्लाका लामो खुट्टा र लामो घाँटी, हाँसका डुङ्गा जस्ता खुट्टा, कछुवाको जलजीवी शरीर र कागको भूआवासीय बनावट नै अनुकूलनका उदाहरण हुन् । कथामा कागले माछा खान चाहन्छ तर बकुल्ला, हाँस र कछुवा

जस्ता जलस्रोतमा निर्भर जीवभन्दा उसमा भिन्न जैविक बनावट भएकाले असम्भव छ । कागले आफ्नो शरीरको सीमालाई नबुझी जलजीवीहरूको व्यवहार अनुकरण गर्न खोज्नु प्राकृतिक व्यवस्था र जैविक अनुकूलनको सीमाप्रति चुनौती बनिरहन्छ । प्रकृतिमा प्रत्येक जीवले आफ्नो शरीरको संरचनाअनुसार वातावरणमा अनुकूलन गरेको हुन्छ र यो अनुकूलन नै उसको विशिष्टीकृत पारिस्थितिकीय स्थान हो । कथामा "कागले हाँगाबाटै यसो पानीमा हेर्‍यो । रुखको हाँगो पानीतर्फ फैलिएको थियो । पानीमा माछा होइन, उसले आफैँलाई देख्यो । ऊ पानीमा जान खोज्यो । उसले आफू सिमसारमा उभिन नसक्ने ठान्यो ( पृ.६)" भन्ने भनाइले प्रत्येक जीवले आफ्नो बनावट र क्षमताअनुसार भूमिका पाउँछ र यी भूमिकाको अतिक्रमणले पारिस्थितिक सन्तुलनमा अवरोध ल्याउन सक्छ भन्ने सन्देश दिएको छ ।

'पुसै शीत माघै शीत' कथामा मौसमी अनुकुलन र प्राकृतिक चक्रलाई देखाइएको छ । कथामा 'पुस' र 'माघ' महिनाको शीतलता र त्यसप्रति चराहरूको व्यवहारले जीवनचक्र र मौसमी अनुकूलन देखाउँछ । चराहरूको ताप लिने क्रियाकलाप, उपयुक्त स्थान खोज्ने प्रवृत्ति पर्यावरणीय अनुकूलनको उदाहरण हो । कथामा वन्यजन्तुहरू जाडो महिनामा कसरी ताप लिन्छन् र जीवनयापन गर्छन् भन्ने अर्थपूर्ण चित्रण छ । शीतको प्रकोपलाई सहनु, एकआपसमा सल्लाह गरेर समस्याको सामना गर्नुपर्ने सङ्केत छ । यसले प्राकृतिक चक्र र मौसमी प्रभावहरूप्रति बालबालिकामा संवेदनशीलता विकास गर्ने कार्य गरेको छ । पुस र माघका शीतलता र त्यसमा जीवहरूको अनुकूलनले प्राकृतिक चक्रको महत्त्व बुझाउँछ । पुस र माघ महिनाको शीतप्रति प्राणीहरूको अनुकूलन प्रक्रिया कथामा प्रस्ट देखिन्छ । चराचुरुङ्गीहरूले ताप लिने विधि र व्यवहारले जीवनचक्रमा मौसमी प्रभावहरूको महत्त्व उजागर गरेको छ । प्राकृतिक चक्रको सम्मान र त्यसको संरक्षणका लागि सचेतना विकास हुन्छ । कुखुरा र हाँसबिचको बहसले पर्यावरणीय प्रश्न उठाउने र समाधान खोज्ने प्रक्रियालाई प्रोत्साहन गरेको छ । यसले बालबालिकालाई प्राकृतिक घटनाहरूप्रति जिज्ञासा र सोच विकास गर्न मद्दत गरेको छ । स्यालसँगको अन्तर्क्रियाले अनुभव र परिपक्वतामार्फत ज्ञान प्राप्त गर्ने सन्देश दिएको छ ।

## रैथानेपन र वातावरणीय न्यायको द्वन्द्व

'काग र माछा' कथामा कागले आफूलाई यहीँको रैथाने भएर पनि माछा खान नपाएको गुनासो गरेको छ । यस कथनले वातावरणीय चेतनाको एउटा संवेदनशील पाटालाई देखाएको छ । कागले आफ्नो ठाउँमा अन्य चराचुरुङ्गी (जस्तैः बकुल्ला, हाँस) ले प्राकृतिक स्रोतको उपयोग गरेको देख्दा आफू वञ्चित भएको महसुस गरेको छ । यसलाई कथामा यसरी चित्रण गरिएको छ : काग अझ नजिक गयो र भन्यो, "हो म त्यही माछाकै कुरा गर्न आएको हुँ । कहाँ कहाँका चराचुरुङ्गी आएर जखिरा तालका स्वादिला माछा खान्छन् । म यहीँको रैथाने भएर पनि माछा खान पाइरहेको छैन (पृ.८) ।" पर्यावरणीय दृष्टिकोणबाट स्रोतको उपयोगमा रैथानेपन भन्दा पनि जीवको पारिस्थितिकीय क्षमता निर्णायक हुन्छ तथा प्रकृतिको न्याय व्यक्तिगत चाहनामा नभई जैविक सन्तुलनमा आधारित हुन्छ भन्ने सन्देश कथामा दिइएको छ ।

## प्रविधिको उपयोग र कृत्रिम अनुकूलन

'काग र माछा' कथामा कागको प्रविधि प्रयोग गर्ने निर्णय देखाइएको छ । कागले आफ्नो प्राकृतिक सीमा ( छोटा खुट्टा र छोटो घाँटी) लाई स्वीकार नगरी "मान्छेले प्रविधिको उपयोग गरेर के के गरिसकेको छ" भन्ने तर्कका आधारमा पिभिसी उद्योगमा पुग्छ र पिभिसीबाट कृत्रिम खुट्टा र लामो चुच्चो बनाउँछ । कागले प्रविधिको प्रयोग गरेर आफ्नो नैसर्गिक पारिस्थितिकीय स्थान परिवर्तन गर्छ । कथाको "उसले खुट्टामा बहना फिट गर्‍यो । चुच्चामा माछा समाउन मिल्ने लामो थप चुच्चो फिट गर्‍यो । अनि ऊ इन्जिनियरलाई धन्यवाद दिँदै जखिरा तालतर्फ उड्यो ।" अंश कृत्रिम अनुकूलन हो । कथामा कागको यस प्रसङ्गले प्रविधिको उपयोग गरी प्राकृतिक क्षमतालाई बदल्न पाउनु कति उचित ? र प्रकृतिको सीमा भत्काएर प्राप्त उपलब्धि दीर्घकालीन रूपमा टिकाउ हुन्छ ? भन्ने प्रश्न उब्जाएको छ । कथाले प्रविधि नै समस्या होइन तर प्रविधिको लक्ष्य र प्रयोगमा विवेक अनिवार्य छ भन्ने सन्देश दिएको छ । प्राकृतिक सीमालाई उल्लङ्घन गराएर क्षमता विस्तार गर्ने मानव प्रविधिको अवधारणालाई यहाँ चराको

व्यवहारमार्फत प्रस्तुत गरिएको छ । यसले के प्रविधिले प्रकृतिको प्रक्रिया बदल्नु उचित छ ?, के हरेक प्राणीलाई आफ्नो क्षमताभन्दा बाहिरका कार्य गर्न प्रविधिले सक्षम बनाउनु दीर्घकालीन रूपमा सुरक्षित हुन्छ ?, यस्तो हस्तक्षेपले प्राणी व्यवहार, खाद्य शृङ्खला र सिमसारको सन्तुलनमा कस्तो असर पार्छ ? भन्ने प्रश्न उब्जाएको छ । अन्ततः काग माछा मार्न सफल भए पनि कथाको गहिराइमा यो सफलता सन्तुलनभित्रको विघटनको सङ्केत पनि हो । कागले माछा खान चाहनु प्राकृतिक अनुकूलनविरुद्धको आकाङ्क्षा हो । प्रत्येक प्राणीले आफ्नो निश्चित भूमिका निर्वाह गर्छ । काग प्रकृतिमा स्काभेन्जर पात्र हो । फोहोर र बाँकी अन्नजन्य पदार्थ खाएर प्रकृति सफा राख्ने भूमिका उसकै हो । तर उसले माछा मार्ने भूमिकामा प्रवेश गर्न चाहनु प्रकृति विरुद्धको चाहना हो । कथाले अप्रत्यक्ष रूपमा प्रकृतिमा कसैले अरूको भूमिका लिने प्रयास गर्नु वातावरणीय अतिक्रमण हो भन्ने सन्देश दिएको छ ।

## पर्यावरणीय बुद्धिमत्ता र नैतिकता

'को हो ! को हो !!' कथामा कोइली वास्तविक प्रकृतिमा पनि इतर गुँडमा अन्डा दिने प्रजाति भएको देखाइएको छ । कथामा कोइलीको यही व्यवहारलाई मानवीय भावनासँग जोडेर गुँड नबनाउनु, कागको गुँडमा अन्डा पार्नु, आफ्ना चल्लालाई पहिचान गर्न सक्नु, परप्रजननबाट उत्पन्न भ्रामक सम्बन्ध आदि घटनाले प्राकृतिक अनुकूलनको यथार्थवादी प्रस्तुति देखाएको छ । कथाले प्रजातिहरूले आफ्नै अस्तित्व बचाउन गरेको व्यवहार नै पर्यावरणीय बुद्धिमत्ता हो । कथामा कोइली र गाजलीले कागलाई फूलको माला लगाइदिने, आभार व्यक्त गर्ने, कागले "धन्यवाद त तपाईंले दिनुपर्छ" भन्ने, सबै मिलेर बाँदरसँग सङ्घर्ष गर्ने जस्ता घटनाहरूले सहजीवन, कृतज्ञता र परस्पर सहयोगको पर्यावरणीय नैतिकता सिकाएका छन् । यसलाई कथामा यसरी चित्रण गरिएको छ :

> कोइलीले कागिनीलाई माला लगाइदिँदै भन्यो, "धन्यवाद ! तपाईंहरूको गुन बिर्सन चाहे पनि हामी कहिल्यै बिर्सनसक्ने छैनौं ।"
>
> कागले भन्यो, "यसमा केही छैन । धन्यवाद त तपाईंहरूलाई पो दिनुपर्छ । तपाईंहरूले हामीलाई यो मौका दिनुभयो । हामी नभएका वेलामा तपाईंहरूले गुँड र चल्लाको रेखदेख गरेको हामीलाई थाहा छैन र ? बाँदरलाई ठुँडेर लखेट्नुभयो ।" (पृ.१५)

'पुसै शीत माघै शीत' कथामा कागको भूमिका बहस अनि संवादलाई शान्तिपूर्ण र सकारात्मक बनाउने देखिन्छ । कागको मध्यस्थता र सहजीवनको सन्देशले पारिस्थितिक सामाजिक पर्यावरणीय नैतिकताको झल्को दिएको छ । यो सहजीवनले प्रकृतिको शान्ति र दिगोपनको आधार बन्ने छ भन्ने सङ्केत पनि हो । प्राकृतिक समस्याहरूलाई बहस, संवाद र सहकार्यबाट समाधान गर्ने अवधारणा बालबालिकामा पर्यावरणीय जिम्मेवारी र सामूहिक क्रियाशीलता विकास गर्छ । कुखुरा र हाँसबिच शीतसँग सम्बन्धित बहसले बालबालिकामा प्राकृतिक घटनाप्रति जिज्ञासा र आलोचनात्मक सोच विकास गर्ने पक्षलाई बलियो बनाउँछ । स्यालसँगको अन्तर्क्रियाले अनुभवबाट ज्ञान लिनुको महत्त्व बुझाएको छ । कागको भूमिकाले बहसलाई शान्तिपूर्ण तरिकाले समाप्त गराउँदै सहजीवन र पारस्परिक सहयोगको सन्देश प्रवाह गरेको छ । यसले प्रकृतिमा विभिन्न प्रजातिहरूको पारस्परिक निर्भरता र सहयोगको सन्देश प्रवाह गरेको छ ।

## मानव प्रकृति सम्बन्धको सचेतना

'क्का ! क्का !! कौवा' कथामा अनुप र अन्जुका क्रियाकलापले मानवले आफ्नो स्वार्थमा प्रकृतिका अन्य जीवलाई बेवास्ता गर्दा पारिस्थितिकीय समस्याहरू निम्तिन्छन् भन्ने देखाएको छ । कथामा यसरी चित्रण गरिएको छ :

> अनुप छक्क पऱ्यो । उसले अम्बा टिपेर ल्यायो । काट्यो । हो त त्यसभित्र स्याउँस्याउँती किरा परेका रहेछन् । उसले अर्को अर्को अम्बा टिप्यो, काट्यो, हेऱ्यो तर सबै कुहेका । कुनै

> कुनै त बोट नै सुक्न आँटेका थिए । पात जति किराले खाएर चाल्ना जस्ता भएका थिए । (पृ.१९)

कथामा चराहरूलाई गुलेलीले भगाउने प्रयास स्वार्थपरक छ । फलस्वरूप स्वाभाविक नियन्त्रण प्रणाली विफल भएको छ । शिक्षकले आकाशबाट मात्र नसिकाई व्यावहारिक दृष्टान्त पनि प्रस्तुत गरेका छन् । यसले मानवले प्रकृतिप्रति सद्भाव राख्नुपर्ने, सबै प्राणी एकअर्कासँग कसरी अन्तर्सम्बन्धित छन् भनी बुझ्नुपर्ने आवश्यकतालाई देखाएको छ । अनुप र अन्जुको कथा बालबालिकालाई प्राकृतिक संरक्षण र दिगो व्यवस्थापनको महत्त्व बुझाउन सरल र प्रभावकारी माध्यम बनेको छ । उनीहरूले सुरुमा चरालाई हटाए तर पछि सिकेर प्रकृतिसँग मिलेर बस्नुपर्छ भन्ने बुझेका छन् । यसले विद्यालय र घर दुवै स्थानमा बालबालिकामा पर्यावरणीय शिक्षा दिनुपर्ने आवश्यकता औँल्याएको छ । कथाको अन्त्यमा चराहरू फर्किएपछि बगैँचामा पुनः शान्ति र समृद्धि आएको छ । यसले प्रकृतिसँग सहजीवन र सम्मानको मूल्यमान्यता स्थापना गरेको छ । चराहरूलाई 'सुबोल' भन्दै माया गर्ने व्यवहारले मानव प्राणी सम्बन्धलाई देखाएको छ ।

'को हो ! को हो ‼' कथामा चल्ला जन्मिएपछि कोइली जातिका चल्लाले "कुहु ! कुहु ‼" कराउनु, काग जातिका चल्लाले "काँ ! काँ ‼" कराउनु, आआफ्नो प्रजातिको स्वरै पहिचान बन्नु जस्ता घटनाहरूले प्राकृतिक पहिचान, जैविक उत्तराधिकार र प्रजातिगत गुणस्रोतको रमाइलो रूप देखाएका छन् । कथामा कागको अथक परिश्रम, भोकै बसेर चल्लालाई खुवाउनु, लगातार अन्डा सेकिरहनु, निस्वार्थ रूपमा सेवा गर्नु प्रकृतिमा रहेको अभिभावकीय त्यागका प्रतिबिम्ब हुन् । यसमा प्रकृतिमा सबै प्रजातिले आफ्नो उत्तरदायित्व अत्यन्त समर्पित भएर पूरा गर्छन्, मानवले पनि प्रकृतिसँग त्यस्तै उत्तरदायित्व बोक्नुपर्छ भन्ने पर्यावरणीय शिक्षा दिइएको छ ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धानात्मक लेखमा कपिल लामिछानेद्वारा रचित *आफ्नो ठाउँ* बालकथासङ्ग्रह बालसाहित्यको मनोरञ्जनात्मक सीमाभन्दा पर गएर पर्यावरणीय चेतना विकास गर्ने सशक्त साहित्यिक रचनाका रूपमा रहेको विषय उल्लेख गरिएको छ । यस सङ्ग्रहमा समेटिएका बालकथाहरूले प्रकृति, जैविक विविधता, पारिस्थितिक सन्तुलन, सहअस्तित्व र दिगो जीवनप्रणालीका मूल्यहरूलाई सरल कथानक, पात्र र घटनाक्रममार्फत प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका कथाहरूमा रुख, पोखरी, सिमसार, चराचुरुङ्गी, मौसम परिवर्तन र प्राकृतिक सङ्कटहरूलाई परस्पर आश्रित पारिस्थितिक प्रणालीका रूपमा चित्रण गरिएको छ । यस सङ्ग्रहका कथाहरूमा वातावरणीय असन्तुलनका कारण सिर्जित परिणामलाई स्पष्ट पारिएको छ । कथामा सामूहिक क्रिया सिद्धान्तका आधारमा सहकार्य, नेतृत्व र साझा प्रयासले पर्यावरणीय समस्या समाधान गर्न सकिने विषय उल्लेख गरिएको छ । सामूहिक चेतना र जिम्मेवारीबाट नै प्राकृतिक सन्तुलन कायम गर्न सकिने अवधारणा यस सङ्ग्रहका कथामा अभिव्यक्त भएको पाइन्छ । पारिस्थितिक दृष्टिकोणबाट हेर्दा मानव, प्राणी र प्रकृतिबिचको सहजीवन, जैविक भूमिका र अन्तरनिर्भरतामा सृष्टि निर्भर रहेको कुरा यस सङ्ग्रह कथाबाट प्रकट भएको छ । यहाँका कथाले प्राकृतिक कीट नियन्त्रण, जलस्रोत संरक्षण, सिमसारको महत्त्व, मौसमी अनुकूलन र पुनर्जीवनका प्रसङ्गहरूले दिगो सहअस्तित्वको अवधारणालाई बलियो बनाएका छन् । सारमा भन्नुपर्दा *आफ्नो ठाउँ* बालकथासङ्ग्रहका कथाले बालबालिकामा मात्र होइन समग्र पाठक वर्गमा समेत प्रकृतिप्रतिको आत्मीयता, पर्यावरणीय जिम्मेवारी र दिगो सोच विकास गर्न विशेष भूमिका खेलेका छन् । यस अध्ययनले बालसाहित्यलाई वातावरणीय शिक्षा र पारिस्थितिक चेतना प्रवर्धनको प्रभावकारी माध्यमका रूपमा पुष्टि गरेको छ ।

कथामा बालबालिकालाई सङ्कटबाट पलायन होइन, सामूहिक रूपमा सामना गर्नुपर्छ र प्रकृतिको संरक्षण नै दिगो जीवनको आधार हो भन्ने शिक्षा दिएको छ । चराचुरुङ्गीहरूलाई माध्यम बनाई प्रकृतिसँगको आत्मीयता, सङ्कटका बेला आफ्नै स्थानप्रतिको जिम्मेवारी र वातावरण पुनःस्थापनाका मूल्यहरूलाई यहाँका कथाले अत्यन्त सशक्त रूपमा स्थापित गरेका छन् । बालकथा रमाइलो प्रकृतिको कथा मात्रै होइन; यो

जैविक अनुकूलन, प्रजातिगत दायित्व, प्रविधि निर्भरता र पर्यावरणीय सन्तुलनबारे गहिरो सन्देश दिने रचना हुन् भन्ने निष्कर्ष प्राप्त भएको छ । लामिछानेका बालकथाले प्रकृतिप्रतिको सम्मान, अन्तरप्रजातीय सहअस्तित्व, संरक्षण र उत्तरदायित्व, करुणा र कृतज्ञता, जैविक विविधताको सौन्दर्य जस्ता मूलभूत विषयहरू अत्यन्त सरल, रमाइलो र कथात्मक शैलीमा प्रस्तुत गरेका छन् । बालकथाले चराचुरुङ्गीहरूलाई प्रकृतिको अमूल्य अङ्ग र जैविक सन्तुलनका संरक्षकको रूपमा स्थापित गर्दै मानव अनि प्रकृतिको सहअस्तित्व र संरक्षण चेतनाको महत्त्वपूर्ण सन्देश बालबालिकामा प्रवाह गरेको छ । साथै प्राकृतिक संरक्षण र जैविक विविधता संरक्षणका लागि सजगता, शिक्षा र सहकार्य आवश्यक रहेको सन्देशलाई सरल र प्रभावकारी तरिकाले उजागर गरेको छ । कथाको संवादात्मक शैलीले बालमस्तिष्कमा दिगो सोच र प्रकृतिप्रतिको माया विकास गर्ने सोचको विकास गरेको छ । लामिछानेका बालकथाले बालबालिकामा पर्यावरणीय जिज्ञासा, सहकार्य र संवेदनशीलता विकास गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## सन्दर्भ सामग्रीसूची

लामिछाने, कपिल (२०८१), *आफ्नो ठाउँ* बालकथासङ्ग्रह, भुँडीपुराण प्रकाशन ।

Amer, E. S. (2022). *Literature and Ecology: Promoting an Eco-Consciousness through Children Literature. International Journal of Language and Literary Studies*, 4(3), 192–201. https://doi.org/10.36892/ijlls.v4i3.993 ijlls.org+1

Chawla, L. (1999). Life paths into effective environmental action. *Journal of Environmental Education*. 31. 15-26. DOI:10.1080/00958969909598628.

Karmakar, G. (2024). *Towards a Critical Ecological Ontology: Literacy, Sustainability, and Fostering Environmental Education through the Indian Green Informational Picturebook. Journal of Graphic Novels and Comics*. uwcscholar.uwc.ac.za

Nayar, P. K. (2010). *Contemporary Literary and Cultural Theory: From Structuralism to Ecocriticism*. Dellhi. Chennai. Chandigud: Pearson.

Nikolajeva, M. (2014). *Reading for learning: Cognitive approaches to children's literature*. Jhon Benjamin Publishing Company.

Orr, D.W. (1992). *Ecological Literacy: Education and the Transition to a Postmodern World*. State University of New York Press.

Pathak, K. (2021). *Ecocriticism and the works of Ted Hughes. International Journal of Literacy and Education*, 1(2), 166–171.

Radhakrishnan, G. V. (2025). *The Role of Literature in Shaping Environmental Consciousness: Ecocritical Perspectives in Modern English Literature. Advances in Consumer Research*.2(1). 24-31. https://acr-journal.com.

Sharma, A. (2023). *Eco-Literacy: For the Well-Being of the Earth. International Journal of Environment and Climate Change*, 13(8), 2217–2219. https://doi.org/10.9734/ijecc/2023/v13i82180.